माई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

आन्तरिक लेखापरीक्षण प्रतिवेदन
मिति २०७९/०४/०१ देखि ७/३० सम्म

पृष्ठभूमि

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरि स्थानीय त्यहमा विधायिका, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न माई नगरपालिकाको स्थापना भएको हो स्थानीय सरकार संचालन गर्न स्थानीय स्रोत साधनको अधिकतम रुपमा परिचालन, आन्तरिक तथा बाह्य स्रोतको व्यवस्थापन, स्रोत साधनको सन्तुलित र समन्यायिक वितरण जस्ता ग्यतिविधि संचालन गर्दा हुने आर्थिक क्रियाकलापको आन्तरिक पक्षबाट नै स्वतन्त्र परिक्षण तथा विश्लेषण गरि वित्तीय पारदर्शिता र जवाफदेहीता कायम गर्न आन्तरिक लेखा परिक्षणको महत्त्वपूर्ण भूमिका रहदै आएको छ

स्थानीय तहबाट गरिने आम्दानी तथा खर्च र त्यसको लेखांकन प्रचलित कानूनद्वारानिर्दिष्ट प्रक्रिया अनुरुप भए वा नभएको तथा निर्दिष्ट उद्देश्य हासिल गर्न गरिएको लगानी नियमित, मितव्ययी, कार्यदक्ष र प्रभावकारी भए/नभएको परिक्षण गरी व्यवस्थापनलाई सुधारको पृष्ठपोषण प्रदान गर्दै **अन्तिम लेखापरीक्षणको वैधानिक आधार तय** गर्नु आन्तरिक लेखा परिक्षणको मुख्य उद्देश्य रहेको छ

मिति: २०७९ मंसिर

•**कार्यालयको नाम**: माई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शितली, इलाम ।

•**कार्यालयको उद्देश्य**

•स्थानीय सरकार संचालन

•स्थानीय विकास

•स्थानीय पारदर्शिता र मितव्ययिता कायम

•**मुख्य क्रियाकलापहरु**

•नगर विकासका लागि वार्षिक आवधिक तथा विषयगत योजना तर्जुमा,

•स्थानीयसरकार संचालनका लागि आवश्यक कानून एवं मापदण्डको निर्माण,

•नगरसभाबाट पारित वार्षिक कार्यक्रम संचालन/ कार्यान्वयन,

•स्थानीय सरकारसञ्चालन ऐन बमोजिम स्थानीय सरकारले सम्पादनगर्ने

•संघीय सरकार र प्रादेशिक सरकारबाट हन्तान्तरित आयोजना/ कार्यक्रम संचालन गर्ने |

•**कार्यालय प्रमुखको नाम** :

१. प्रमुख प्रशासकीय अधिकृत श्री गणेश अधिकारी

(२०७९/०४/०१-२०७९/०७/३०

•**आर्थिक प्रशासन शाखा** :

१. लेखा अधिकृत श्रीक्षेत्रनाथ शर्मा

(२०७९/०४/०१-२०७९/०७/३०)

२. लेखापाल श्रीअशोक कट्टेल

(207९/0४/0१-207९/0७/3०)

•कारोवारको संक्षिप्त विवरण

क) **संचित कोष**

गत वर्षको मौज्दात	यस चौमासिकको आम्दानी	जम्मा आय	खर्च खातामा निकासा	बाँकि रकम
71767175.79	208023642.98	279790818.77	225990026.23	53800792.54

ख) खाताहरूको मौज्दात विवरण

क्र.स.	खर्च खाताको नाम	श्रेस्ता अनुसार	बैंक अनुसार	फरक	कैफियत
१	मूल संचित कोष खाता	53800792.54	53800792.54		
२	पूजीगत खर्च खाता	66929104	66929104		
३	चालु खर्च खाता	56213797.23	56248844.23	35047	नसाटीएको चेक
४	धरौटी खाता	11174661.17	11174661.17		
५	विविध कोष खाता	12214056.54	11347431.54	44147	कर दाखिला बाँकी
६	विविध खर्च खाता	3250445	3502339.86	251894.86	सा.सु. लगत कट्टा
७	प्रकोप व्यवस्थापन खाता	5499756	5499756		
८	बिभाज्य कोष खाता	0	0		
९	आन्तरिक राजश्व खाता	0			
१०	बाडफाडबाट प्राप्त राजश्व खाता	0	0		
११	आन्तरिक अनुदान खाता	0	0		

ग) **धरौटी**

गत वषको मौज्दात	यस चौमासिकको आम्दानी	जम्मा आम्दानी	सदर स्याहा/फिर्ता	बाकि मौज्दात
13054508.72	2543559.45	15598068.17	4423407	11174661.17

परिक्षण गरिएको अभिलेखहरु

गोश्वारा भौचर र संलग्न कागजातहरू

बैंक नगदी किताब

खर्चका फाँटबारी

सहायक खाताहरू

खरीद भौचरहरु

भुक्तानी आदेश

आन्तरिक आयको विवरण

सम्बन्धित ऐन तथा नियमहरू

क) **संघीय कानून**

* स्थानीय सरकार संचालन ऐन, २०७४
* अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४
* आर्थिक ऐन,२०७४
* आयकर ऐन,२०५८ र नियमावली
* सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली
* भ्रमणखर्च नियमावली
* नेपाल सरकारको लेखा निर्देशिका
    * कार्य संचालन निर्देशिका, 2075

ख)**प्रदेश कानून**

* प्रदेश सरकारको आर्थिक ऐन
* सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धी निर्देशिका, 2075

ग)**स्थानीय तहको ऐन**

* माई नगरपालिकाको आर्थिक ऐन,२०७८
* माई नगरपालिकाको विनियोजन ऐन, २०७८

१०. आन्तरिक लेखा परिक्षणबाट देखिएका विवरण

मूलसंचित कोष

सि.नं	गोश्वारभौ..नं.	आन्तरिक लेखा परिक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम	
			नियमित गरिनु पर्ने बेरुजू (रू.)	असुल उपर गरिनु पर्ने बेरुजू (रू)
		माई नगरपालिकाको गत बर्षको संचितकोषको जिम्मेवारी रु. 7,17,67,175.79 रहेकोमा यस चौमासिकमा देहाय बमोजिमको रु. 20,80,23,642.98 समेत रु. 27,97,90,818.77 आम्दानी भएकोमा खर्च खातामा रु. 22,59,90,026.23 ट्रान्सफर गरी खुद बाँकी रकम रु 5,38,00,792.54. आगामी चौमासिकका लागि जिम्मेवारी सरेको छ ।		

शीर्षक	रकम
भूमिकर/मालपोत	९४२८४.४९
घरजग्गा रजिष्ट्रेशन दस्तुर	
बहाल बिटौरी कर	२३२५६
बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	१६९३९५०७.५६
व्यक्तिगत घटना दर्ता	
बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	१३३००८०.२८
अन्य मनोरञ्जन कर	
अन्य कर	१०२५६८७.२९
समानीकरण अनुदान	६६९२३५००

Activate Wi

			शसर्त अनुदान चालु	९५६४००००			
			विशेषअनुदानचालु				
			समपुरक अनुदान	५००००००			
			बेरुजु				
			सशर्त पूँजीगत	१४६७२०००			
			अन्य राजश्व	५११६९८.५			
			अन्य सेवा शुल्क तथा बिक्री				
			सिफारिश दस्तुर	४३२२०७.५			
			अन्त शुल्क	४१३४७१४.३९			
			घर बहाल कर	१८६६८			
			अन्य दस्तुर	७१०२८.९७			
			सम्पती कर	१४१२			
			परीक्षा शुल्क				
			अन्य संस्थागत आन्तरिक अनुदान				
			व्यावसाय रजिष्ट्रेशन दस्तुर	१७८४९५			
			न्यायिक दस्तुर	२०३			
			पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	१०२६९००			
			नाता प्रमाणित				
			नगद/ बैंक	71767175.79			
			कुल जम्मा आय	२७९७९०८१८.७७			

		खर्च खातामा ट्रान्सफर ६१,०३,९८,२८० बाँकी रकम ७,१७,६३,९१०.९७		
		स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १२ को उपदफा (ग)३३, दफा ७६ को उपदफा (४)र(६) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन,२०४८ को दफा बमोजिमको 28 ६१ ,बुंदे निर्देशनराजश्व चुहावट अनुसन्धान) तथा नियन्त्रण(ऐन, २०५२ का विभिन्न दफाहरू साथै नियमावली, २०७० का विभिन्न नियमहरु बमोजिम वडा कार्यालयहरुमा उठेको राजश्वको रकम ३ दिनभित्र बैंक दाखिला गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा सो गरिएको पाइएन |		

कोष

सि.नं	गोश्वाराभौ..नं.	आन्तरिक लेखा परिक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम	
			नियमित गरिनु पर्ने बेरुजू (रू.)	असुल उपर गरिनु पर्ने बेरुजू (रू)
		नगरपालिकामा विभिन्न किसिमका कोषहरु संचालनमा रहेकोमा सो कोष स्थापनाको उदेश्य अनुसार कोषलाई व्यवस्थापन गर्नका लागि कोष संचालन सम्बन्धी नियम, कार्यविधि तयार गरी सो अनुसार कारोबार गर्नुपर्नेमा कोष संचालनका लागि कुनैपनि नियम तथा कार्यविधि तयार गरेको नपाइएकोले सरकारी कारोबार निर्देशिका २०७६ को परिच्छेद ४ बमोजिम तथा माई नगरपालिकाको स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०७४ को परिच्छेद ७ (कोष व्यवस्थापन) को नियम ४०, उपनियम ३ बमोजिम कार्यविधि बनाइ सो अनुसार मात्र खर्च गर्नुपर्ने देखिन्छ ।		
		नगरपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७५ मा तोकिएका बिरामी	२०,०००।	

		तथा वर्गहरुलाई तोकिए बमोजिमको रकम संलग्न कागजात र कार्यविधिका आधारमा भुक्तानी दिनुपर्नेमा कार्यविधिमा तोकिएको दर भन्दा बढी रकम कार्यपालिकाको निर्णय अनुसार भुक्तानी भएको पाइएकोले कार्यविधिमा निर्दिष्ट गरे भन्दा बाहिरको हकमा मात्र कार्यपालिकाको निर्णय बमोजिम र कार्यविधिमा तोकिएको हकमा तोकीए बमोजिम मात्र सहायताको रकम उपलब्ध गराउनुपर्ने साथै विपद व्यवस्थापन कोषबाट विपद जोखिम न्यूनिकरणसँग सम्वन्धित कार्यमा मात्र खर्च गर्नुपर्नेमा विनियोजनका साथै यस कोष मार्फत समेत आर्थिक सहायता वितरण भएकोले दोहोरो साथै नियमित नदेखिएको ।		
	८-०८/१३	कार्यपालिकाको निर्णय अनुसार माई न पा ९ बस्ने मनमाया जोगीलाई सडक विस्तार गर्दा घर सार्नुपर्ने भनी रु ५००००। भुक्तानी भएकोमा उक्त कार्य सम्बन्धित आयोजना मार्फत गर्नुपर्नेमा पालिकाबाट भएको साथै उक्त खर्चलाई पुष्टी गर्ने कुनैपनि कागजात संलग्न भएको पाइएन । उक्त कार्यको स्थलगत अनुगमन गरी प्राविधिकबाट लागत अनुमान तयार गरी सोही अनुसार गर्नुपर्ने ।	५०,०००।	
	४-०५/१४	विविध खर्च खाताबाट माई भगवती कन्स्ट्रक्सनका नाममा विरेन्द्र मा वि भवन निर्माणका लागि मिति २०७९/०८/१५ भित्रमा कार्य सम्पन्न गर्ने गरि सम्झौता भएकोमा तोकिएको समय भित्र म्याद थप भएको लेखापरिक्षणको समय भित्र नपाइएको साथै प्रथम रनिङ बिल वापत रु ८२६९०१ भुक्तानी भएकोमा PAN Search गर्दा नन फाइलर देखिएकोले कर समायोजन पत्र पेश गर्न लगाउने साथै उक्त योजना तोकिएको समय भित्रै सम्पन्न गर्नका लागि निर्माण व्यवसायिलाई पत्रचार गर्ने ।		

संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त-पूँजीगत)

सि.नं	गोश्वाराभौ..नं.	आन्तरिक लेखा परिक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम

			नियमित गरिनु पर्ने बेरुजू (रू.)	असुल उपर गरिनु पर्ने बेरुजू (रू)
	५/७/२	आ.व. २०७८/७९ मा सम्झौता भएका नागरिक आवासको जम्मा संख्या, पहिलो किस्ताको रकम भुक्तानी लिएका र सम्पन्न हुन बाँकीको विवरण तयार गरी यथासिघ्र कार्यसम्पन्न गरी पेश गर्नुपर्ने ।		

संघीय सरकारबाट हस्तान्तरित सशर्त चालु

सि.नं	गोश्वारा भौ..नं.	आन्तरिक लेखा परिक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम	
			नियमित गरिनु पर्ने बेरुजू (रू.)	असुल उपर गरिनु पर्ने बेरुजू (रू)
		कर्मचारीको तलब भत्ता भुक्तानी गर्दा प्रमाणित हाजिरी विवरणको आधारमा हुनुपर्ने, साथै फिल्डमा काम गर्ने कर्मचारीको फिल्ड प्रतिबदेन संलग्न नभएको साथै करारमा कार्यरत कर्मचारीको करार सम्झौता र स्थायी कर्मचारीको तलबी प्रतिवेदन नगरसभाबाट मात्र स्वीकृत देखिएकोले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भत्ता भुक्तानी हुनपर्ने देखिन्छ ।		
	७-०५/१६	एक गाँउ एक प्राविधिकको तलबभ्ता भुक्तानी गर्दा ५० प्रतिशत सम्बन्धित पालिकाबाट हुनुपर्नेमा सशर्त अनुदानबाट प्राप्त रकमबाट मात्र गरेको पाइएकोले समायोजन गरि ५० प्रतिशत पालिकाबाट भुकतानी गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।		
	६५-	विद्यालय संचालन तथा व्यवस्थापन अनुदान, निशुल्क पाठ्यपुस्तक र दिवा खाजाको रकम		

Activ

	०८/११	निकासा भएकोमा विद्यार्थी भर्नाको बिवरण, विस्थार्थीको उपस्थिती र सम्बन्धीत विद्यार्थीले पाठ्य पुस्तक बुझेको भर्पाई लगायत अनुगमन प्रतिबेदन संलग्न हुनुपर्ने ।		
	सामाजिक सुरक्षा	पालिकाले पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता बापत रु २७०९६८३४। कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा लिई २७०२१४५२। मात्र खर्च गरेको देखिन्छ । लाभग्राहीको संख्या एकिन गरी सो अनुसारको रकम निकासा लिनुपर्नेमा बढी रकम निकासा गरेको साथै लगत कट्टा गरि बाँकी रहेको रकम समेत संघीय सरकारमा फिर्ता नगरी पालिकाको खातामा राखेको देखिएकोले लाभग्राहीको संख्या अद्यावधिक गरि सामाजिका सुरक्षा लाई थप व्यवस्थित गर्दै जानुपर्ने देखिन्छ ।	**७५,३८२।**	
	स्वास्थ्य बिमा	नगरपालिकाले चा लु आर्थिक वर्षमा नागरिकको स्वास्थ्य बिमा कार्यक्रम लागु गरी यस चौमासिकमा अपाङ्ग ९ परिवारको, महिला स्वास्थ्य स्वयसेविका ११ परिवारको र सामुदायिक विद्यालयमा अध्ययनरत छात्रा छात्र १४७ परिवारको स्वास्थ्य बिमा गरेको देखिन्छ । स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि आर्थिक रुपले बिपन्न र लक्षित परिवारको तथ्यांक संकलन गरी निश्चित मापदण्डका आधारमा मात्र कार्यक्रम लागु गर्नुपर्नेमा सो गरेको नपाइएकोले मापदण्ड बनाई लागु गर्नुपर्ने देखिन्छ ।		
	६२-७/३०	मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्डको पक्षपातको बिरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ अनुसार उपचार खर्च पाउने लाभग्राहीको पहिचान तथा अनुसुचि १ अनुसारको बिरामी प्रमाणितका कागजात बिना २१ जनालाई मासिक ५०००। दरले ३ महिनाको रु ३,६५,०००। भुक्तानी भएको देखिन्छ ।		

माई नगरपालिका चालु

सि.नं	गोश्वाराभौ..नं.	आन्तरिक लेखा परिक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम	
			नियमित गरिनु पर्ने बेरुजू (रू.)	असुल उपर गरिनु पर्ने बेरुजू (रू)
		नगरपालिकाले विपन्न नागरिकलाई उपचार सहयोगमा रकम विनियोजन गरि यस चौमासिकमा रु ३,३८,०००। कार्यपालिकाको निर्णय अनुसार उपचार सहयोगको रकम भुक्तानी भएको देखिन्छ साथै कार्यपालिकाको निर्णय अनुसार आर्थिक सहायताको रकम भुक्तानी भएका कतिपय प्रति महिना रु ५०००। का दरले पाउने विरामिलाई समेत रकम भुक्तानी भएको देखिन्छ । नगरपालिकाले विपन्न नागरिकको विवरण संकलन गरी आर्थिक रुपले विपन्न नागरिकलाई निश्चित मापदण्ड र कार्यविधिका आधारमा मात्र त्यस्तो रकम भुक्तानी गर्नुपर्नेमा सो गरेको पाइएन साथै विपन्न नागरिक उपचार सहयोग कार्यक्रमबाट विभिन्न संस्थाहरुलाई समेत कार्यपालिकाबाट निर्णय गराई भुक्तानी गरेको पाइयो ।		

धरौटी

सि.नं	गोश्वाराभौ..नं.	आन्तरिक लेखा परिक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम	
			नियमित गरिनु पर्ने बेरुजू (रू.)	असुल उपर गरिनु पर्ने बेरुजू (रू)
		सार्वजनिक खरिद नियमावलि २०६४ को नियम १२४ क२ मा कार्यालयले निर्माण लगायत अन्य खरिद कार्यको भुक्तानी गर्दा कट्टा गरेको रिटेन्सन मनि फिर्ता गर्दा कर		

		विवरण विना फिर्ता गरेको देखिएकोले कर समायोजन प्रमाण पेश गर्नुपर्ने		

सि.नं	गोश्वाराभौ..नं.	आन्तरिक लेखा परिक्षणबाट देखिएका व्यहोरा	बेरुजू रकम	
			नियमित गरिनु पर्ने बेरुजू (रू.)	असुल उपर गरिनु पर्ने बेरुजू (रू)
	न्यायिक समिति	स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था रहेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लाउने व्यवस्था भएकोमा गतवर्ष फछ्यौट गर्न बाँकी ३ वटा र यस चौमासिकमा दर्ता भएका ६ मध्ये १ फछ्यौंट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारवाही किनारा गरी टुङ्गो लगाउनुपर्ने देखिन्छ ।		
	आन्तरिक नियन्त्रण प्रणाली	स्थानीय सरकार संचलन ऐन २०७४ को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायका विषय समेत समावेश गरी आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको नपाइएकोले तयार गरी लागु गर्नुपर्ने देखिन्छ । <u>बजेट व्यवस्थापन तर्फ</u> • स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख व्यवस्थापन		

- दीगो विकास लक्ष्य पूरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकिकृत दीर्घकालिन योजना तयार गर्नुपर्ने
- नगरपालिकाबाट संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको चौमासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने

खरिद व्यवस्थापन तर्फ

- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोले सो बनाई लागु गर्नुपर्ने
- सार्वजनिक खरिद ऐन २०६३ को नियमा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र बार्षिक खरिद योजना तयार गरी लागु गर्नुपर्ने
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा सो गरेको नपाइएकोले हस्तान्तरण गरी सोको अभिलेख राख्नुपर्ने

बिबिध

- कार्यलयले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राख्नुपर्ने

	संपत्तिको उपयोग र संरक्षण	स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १३ मा सार्वजनिक सम्पत्ति र जग्गाको अभिलेख राख्ने, अध्यावधिक गर्ने, सम्पन्तिको संरक्षण र उपयोग नीति र मापदण्ड तयार गर्ने संरक्षण र उपयोग नीति तथा मापदण्डको पालना गर्ने र संरक्षण र उपयोग नीति तथा मापदण्ड नभएको अवस्थामा पनि सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन गर्नुपर्ने उल्लेख छ । पालिकाले सार्वजनिक सम्पत्ति र जग्गाको अद्यावधिक अभिलेख राखेको देखिएन । ऐन बमोजिम		

		सार्वजनिक सम्पत्तिको अद्यावधिक अभिलेख राखि संरक्षण र उपयोग नीति तथा मापदण्ड बनाई सो को पालना गर्नुपर्ने देखिन्छ ।		
	चौमासिक पूंजीगत खर्च	आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा स्वीकृत भएको कार्यक्रम संचालन गरी चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्न र चौमासिक कार्य नगरपालिकाको प्रथम चौमासिकमा जम्मा ९.८२ प्रतिशत मात्र पूँजीगत खर्च गरेको		
	कार्यक्रम कार्यान्वयन समिक्षा	नगरको सामाजिक, आर्थिक, सांस्कृतिक, मानविय लगायत समग्र विकासका लागि उपलव्ध सिमित श्रोत र साधनको उचित बाँडफाड गरी अपेक्षित प्रतिफल प्राप्त गर्नका लाग नगरपालिकाको वार्षिक विकासको लक्ष्य तयार गरी कार्यान्वयन गरिरहेकोमा चालु आर्थिक वर्षको प्रथम चौमासिक समाप्त हुँदा समेत नगरको समग्र कार्यक्रम कार्यान्वयन र सेवा प्रवाह सम्बन्धमा सार्वजनिक सुनुवाई गरेको पाइदैन तसर्थ कार्यक्रम कार्यान्वयन समिक्षा गर्नुपर्ने देखिन्छ ।		
	आन्तरिक राजश्व संकलन	नगरपालिकाले चालु आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनका लागि आन्तरिक राजश्वबाट रु ५ करोड अनुमान गरेकोमा प्रथम चौमासिक सम्ममा जम्मा ४२६४८८७। मात्र राजश्व संकलन भएको देखिन्छ । हाल सम्म संकलन भएको राजश्वको अवस्था विश्लेषण गर्दा आ व २०७९/८० मा जम्मा १ करोड २५ लाखको हाराहारीमा मात्र संकलन हुने देखेन्छ तसर्थ राजश्व संकलन हुन नसक्नुको कारण पहिचान गरि तोकिएको लक्ष्य हासिल हुन सकेकमा मात्र विनियोजन भएका योजना कार्यान्वयन गर्न सकिने हुँदा आन्तरिक राजश्व संकलनमा विशेष ध्यान दिनुपर्ने देखिन्छ ।		

धन्यबाद !!